जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १८७ पृष्ठ: ४ | २०८३ मंसिर ०१ मंगलबार (Tuesday 17 Nov. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

मधेशले दिएको माया र मत खेर जाँदैन: सभापति लामिछाने



जीवछ यादव

लहान, ३० कार्तिक। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले मधेशले दिएको माया र मत खेर नजाने बताउनुभएको छ। छठ पर्व मनाउन जनकपुर आउनुभएका सभापति लामिछानेले सिरहाको बरियारपट्टीमा छोटो सम्बोधन गर्दै यस्तो बताउनुभएको हो। मधेश जहिले पनि परिवर्तनको पक्षमा रहँदै आएको बताउँदै उहाँले सुशासन र समृद्धिका लागि रास्वपाको पक्षमा गरिएको मत खेर जान नदिन सचेत रहेको बताउनुभयो। "मधेशको समस्या पनि भ्रष्टाचार र कुरीति हो। यसको अन्त्यका लागि सरकारले काम थालिसकेको छ। केन्द्र सरकारका हातखुट्टा भनेका स्थानीय र प्रदेश सरकार हुन्। स्थानीय र प्रदेश सरकार बनाउन पनि साथ चाहिएको छ," उहाँले भन्नुभयो, "पार्टीमा कुनै मनमुटाव छैन। पार्टी र सरकार सन्तुलित रूपमा अघि बढिरहेका छन्।"

स्थानीय चुनावमा नेताको वरिपरि रहेर उम्मेदवार बनाइदिने सोच त्यागेर जनताको साथमा काम गर्ने इमानदार र काम गर्न सक्ने क्षमता भएका उम्मेदवार चयनका लागि 'क्यान्डिडेट क्लब' खोलिएको उहाँले बताउनुभयो। मधेशमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र सामाजिक न्यायका लागि सरकारले काम गर्नुपर्ने विषयमा सचेत भएर काम गरिरहेको सभापति लामिछानेले जोड दिनुभयो। उहाँले थप्नुभयो, "गफ गरेर समय बर्बाद गर्नुभन्दा काम गरेर देखाउने समय आएको छ। रास्वपाबाट चुनिने जनप्रतिनिधिहरूलाई मालिक बन्नका लागि होइन, सेवक बनेर काम गर्न पार्टीबाट निर्देशन जारी भइरहेको छ।"

थोरै समयमा विकास गर्न सम्भव भए पनि मधेश विकासमा पछि पर्नुको कारण भ्रष्टाचार र बेथिति रहेको उहाँले बताउनुभयो। रास्वपालाई विश्वास गरेर पुराना दलको साथ छाडेको उल्लेख गर्दै उहाँले जनताको विश्वासमा घात भए अर्को चुनावमा कुन मुख देखाएर आउने भन्ने विषयमा रास्वपा गम्भीर रहेको तर्क गर्नुभयो। जनकपुरको ढल्केवर हुँदै सिरहाको बन्दीपुर, चोहर्वा र सिरहाबाट हुलाकी मार्ग भएर सप्तरीको शक्तिपीठ छिन्नमस्ता दर्शन गरी फेरि लहानको राजदेवी मन्दिर दर्शन गरेर जनकपुर फर्किने कार्यक्रम रहेको रास्वपा सहमहामन्त्री पुरुषोत्तम यादवले जानकारी गराउनुभयो।

सिरहामा रास्वपा केन्द्रीय सदस्य तथा सिरहा-१ का सांसद बब्लु गुप्ता, मधेश प्रदेशका सभापति तथा सिरहा-४ का सांसद तपेश्वर यादव, जिल्ला सभापति हरि मैनाली र १७ वटै पालिकाका सभापति, नेता तथा कार्यकर्ताले सिरहा प्रवेशका क्रममा बन्दीपुरमा सभापति लामिछानेको स्वागत गरेका थिए। सभापति लामिछानेले सिरहाको सलहेश मन्दिर पुगेर पनि दर्शन गर्नुभएको थियो।

छठ पर्व मधेश प्रदेशको राजधानी जनकपुरमा मनाएर सिरहा र सप्तरी आउने क्रममा सभापति लामिछानेको मेची-महाकाली यात्रा सुरु भएको प्रदेश अध्यक्ष तथा सांसद तपेश्वर यादवले जानकारी गराउनुभयो।

जंगली हात्तीको आक्रमणबाट गोठालो गएका वृद्धको मृत्यु

मणिलाल विश्वकर्मा

लहान, ३० कार्तिक। गाउँनजिकै रहेको सामुदायिक वन क्षेत्रमा जंगली हात्तीको आक्रमणमा परेर गोठालो गएका व्यक्तिको मृत्यु भएको छ। सप्तरीको सुरुंगा नगरपालिका-४, वीरनगर घर भएका करिब ७२ वर्षीय गोपीलाल चौधरीको आइतबार साँझ गाउँनजिकै रहेको बिर्धना सामुदायिक वन क्षेत्रमा जंगली हात्तीको आक्रमणमा परेर मृत्यु भएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय कडरबोनाका अनुसार वस्तुभाउ चराएर घर फर्किने तर्खर गर्दागर्दै हात्तीको आक्रमणमा परेका चौधरीको घटनास्थलमै मृत्यु भएको हो। हात्तीको आक्रमणमा मृत्यु भएको जानकारी पाएलगत्तै घटनास्थल पुगेको प्रहरीले घटनास्थलको मुचुल्का उठाएर लहानस्थित रामकुमार-उमाप्रसाद प्रादेशिक अस्पतालमा पोस्टमार्टम गरी शव सम्बन्धित परिवारलाई जिम्मा लगाएको कडरबोना प्रहरी प्रमुख प्रहरी निरीक्षक श्याममणि पोखरेलले जानकारी दिए।

सुरुंगा नगरपालिको उत्तरी क्षेत्रमा शनिबारदेखि नै करिब दुई दर्जनको संख्यामा जंगली हात्तीको समूह देखिएकाले सर्वसाधारणलाई सतर्क रहन प्रहरीले आग्रह गरेको छ।

धनुषामा छठघाट कुर्न बसेका ६० वर्षीय पुरुष मृत फेला

जनकपुरधाम, ३० कार्तिक। धनुषाको सहिदनगर नगरपालिका-२ मतौनास्थित धनी पोखरीमा छठघाट कुर्न बसेका एक पुरुष मृत अवस्थामा फेला परेका छन्। मृत्यु हुनेमा मतौनाकै स्थानीय ६० वर्षीय रामजतन यादव रहेका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार यादव धनी पोखरीमा छठघाट निर्माण गरी आइतबार राति एक्लै कुर्न बसेको र सोमबार बिहान करिब ६ बजे उनी पोखरीमा मृत अवस्थामा फेला परेका हुन्।

-बाँकी अन्तिम पेजमा

स्थानीय तहको निर्वाचन गैरदलीय हुनुपर्छ : कुलमान घिसिङ



सप्तरी, ३० कार्तिक। उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले स्थानीय तहको निर्वाचन गैरदलीय हुनुपर्ने बताएका छन्। सोमबार सप्तरीको सुरुङ्गा नगरपालिका-७ बसानपट्टीमा आयोजित कार्यक्रममा बोल्दै घिसिङले घिसिङले सरकारलाई दलीय स्वार्थभन्दा माथि राखेर जनसेवा, सुशासन र विकासको प्रभावकारी माध्यम बनाउनुपर्ने बताएका हुन्।

आफ्नो पार्टीले स्थानीय तहको निर्वाचन गैरदलीय बनाउन तथा विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न निर्वाचन आयोगमा यसअघि नै ज्ञापनपत्र बुझाइसकेको उनको भनाइ छ। 'निर्वाचनका बेला स्थानीय तहको निर्वाचन गैरदलीय गर्ने र विदेशमा रहेका नेपाली युवालाई मतदानको अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जनाउँदै जनतासँग मत माग्ने राजनीतिक शक्तिहरू झन्डै दुई तिहाइको बहुमतसहित सरकारमा रहँदा पनि यी विषयमा ठोस पहल गर्न नसक्नु दु:खद विषय हो,' उनले भने।

दलीय प्रतिस्पर्धाका कारण स्थानीय मुद्दा ओझेलमा पर्ने, राजनीतिक ुवीकरण बढ्ने तथा निर्वाचनमा खर्च र आर्थिक चलखेल बढ्ने गरेको घिसिङको भनाइ छ।



सम्पादकीय

छठको घाटमा नेताको उपस्थिति होइन, प्रतिबद्धताको परीक्षा

यस वर्षको छठ पर्वले मधेशका नदी, पोखरी र जलाशयका घाटलाई मात्र उत्सवमय बनाएन, राष्ट्रिय राजनीतिका शीर्ष नेताहरूलाई पनि काठमाडौँको सत्ता केन्द्रबाट मधेशतर्फ आकर्षित गऱ्यो। विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रभावशाली नेताहरू छठको अवसर पारेर मधेशका विभिन्न जिल्लामा पुगे। कसैले अस्ताउँदो सूर्यलाई अर्घ्य दिए, कसैले उदाउँदो सूर्यको उपासना गरे त कसैले स्थानीय भाषामै शुभकामना व्यक्त गरे। धार्मिक आस्थाको सम्मान र सांस्कृतिक सद्भावका दृष्टिले नेताहरूको यस्तो सहभागिता सकारात्मक मान्न सकिन्छ। तर चुनावी सरगर्मी बढिरहेको समयमा देखिएको यो अस्वाभाविक सक्रियताले राजनीतिक उद्देश्यबारे प्रश्न उठाउनु पनि स्वाभाविक छ।

छठ मधेशको मौलिक सांस्कृतिक पहिचान बोकेको पर्व हो। सूर्य र प्रकृतिप्रतिको कृतज्ञता, अनुशासन, पवित्रता तथा सामाजिक समानताको सन्देश यसले दिन्छ। जात, वर्ग र आर्थिक अवस्थाभन्दा माथि उठेर सबै समुदायका मानिस एउटै घाटमा सहभागी हुने यसको विशेषता छ। पछिल्ला वर्षमा छठ मधेशको सीमित भौगोलिक र सांस्कृतिक दायराबाट बाहिर निस्केर पहाड, उपत्यका र देशका अन्य क्षेत्रमा पनि फैलिएको छ। विदेशमा रहेका नेपाली समुदायले समेत यसलाई उत्साहपूर्वक मनाउन थालेका छन्। यस अर्थमा छठ राष्ट्रिय एकता र सांस्कृतिक विविधताको साझा प्रतीक बनेको छ।

तर यसपटक छठको अवसरमा देखिएको नेताहरूको उपस्थितिलाई केवल सांस्कृतिक विस्तारका रूपमा मात्र बुझ्न सकिँदैन। लामो समयसम्म काठमाडौँ केन्द्रित राजनीतिक गतिविधिमा व्यस्त रहने नेताहरू एकाएक मधेशका घाटमा पुगु, स्थानीय समुदायसँग घुलमिल हुनु र मैथिली, भोजपुरीलगायत स्थानीय भाषामा संवाद गर्नुले राजनीतिक सन्देश पनि बोकेको देखिन्छ। आगामी निर्वाचनको चर्चा र मधेशको निर्णायक मतप्रतिको आकर्षणले नेताहरूको यो सक्रियतालाई थप अर्थपूर्ण बनाएको छ।

छठ घाटमा स्वतःस्फूर्त रूपमा ठूलो जनसमुदाय सहभागी हुन्छ। राजनीतिक दलले आयोजना गर्ने आमसभामा जस्तो मानिस जुटाउनुपर्ने अवस्था यहाँ हुँदैन। परिवार, समुदाय र सामाजिक सम्बन्धका आधारमा मानिसहरू श्रद्धापूर्वक घाटमा पुग्छन्। यही जनसहभागितालाई राजनीतिक दलहरूले आफ्नो प्रभाव विस्तार गर्ने अवसरका रूपमा हेर्न थालेका हुन् भने त्यो चिन्ताको विषय हो। धार्मिक आस्थालाई चुनावी प्रचारको माध्यम बनाउनु र जनताको भावनालाई मत प्राप्त गर्ने रणनीतिमा सीमित गर्नु पर्वको मर्मविपरीत हुन्छ।

मधेशको मत राष्ट्रिय राजनीतिमा निर्णायक रहँदै आएको छ। पछिल्ला राजनीतिक परिवर्तन र निर्वाचनका परिणामले पनि मधेशलाई बेवास्ता गरेर राष्ट्रिय सत्ता र राजनीति अघि बढ्न नसक्ने देखाएका छन्। परम्परागत क्षेत्रीय दलहरूको प्रभावमा आएको परिवर्तनसँगै काठमाडौँ केन्द्रित दलहरूले मधेशमा आफ्नो राजनीतिक आधार विस्तार गर्ने प्रयास गर्नु अस्वाभाविक होइन। तर मधेशलाई चुनावका बेला सम्झिने र त्यसपछि फेरि उपेक्षा गर्ने पुरानो प्रवृत्ति दोहोरिनु हुँदैन। यहाँका नागरिक कुनै दलका स्थायी मतदाता वा राजनीतिक प्रयोगका पात्र होइनन्।

मधेशका जनताका वास्तविक समस्या छठ घाटमा दिइने भाषण र शुभकामनाभन्दा धेरै गम्भीर छन्। किसानले समयमै मल र सिँचाइ पाउन सकेका छैनन्। उखु किसानले भुक्तानीका लागि संघर्ष गर्नुपरेको छ। कृषि उत्पादनको उचित मूल्य र बजारको अभाव छ। रोजगारीका अवसर सीमित हुँदा युवा वैदेशिक रोजगारीमा जान बाध्य छन्। सरकारी विद्यालयको गुणस्तर, स्वास्थ्य सेवाको पहुँच, खानेपानी, सडक र बाढी तथा डुबानको समस्या अझै समाधान हुन सकेको छैन। यस्ता समस्याको समाधानका लागि राजनीतिक नेतृत्वले स्पष्ट योजना र कार्यान्वयनको प्रतिबद्धता देखाउनुपर्छ।

नेताहरूले छठको अवसरमा मधेशको सांस्कृतिक पहिचान र जनभावनाप्रति सम्मान देखाउनु सकारात्मक हो। तर त्यो सम्मान पर्वको दिन घाटमा उपस्थित हुने औपचारिकतामा सीमित हुनु हुँदैन। मधेशका नागरिकसँग नियमित संवाद, स्थानीय आवश्यकताका आधारमा नीति निर्माण, विकास बजेटको न्यायोचित विनियोजन र योजनाको प्रभावकारी कार्यान्वयन आवश्यक छ। कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारका क्षेत्रमा देखिने परिणामले मात्रै नेताहरूको मधेशप्रतिको सद्भाव प्रमाणित गर्न सक्छ।

त्यसैगरी, छठको पवित्रता र सार्वजनिक स्थलको मर्यादा जोगाउने जिम्मेवारी राजनीतिक दलहरूको पनि हो। धार्मिक अनुष्ठानमा राजनीतिक झन्डा, प्रचार सामग्री र चुनावी भाषणको अनावश्यक हस्तक्षेप बढ्न दिनु हुँदैन।

अन्ततः मधेशका जनताले नेताको अनुहार र घाटमा खिचिएका तस्बिरभन्दा आफ्नो जीवनमा आएको परिवर्तन हेर्नेछन्। छठको अवसरमा मधेश झर्नु स्वागतयोग्य छ, तर त्यसको वास्तविक मूल्यांकन चुनावी नाराले होइन, कामले हुनेछ। मधेशको आस्था, संस्कृति र जनभावनालाई मतको गणितमा सीमित नगरी विकास, सम्मान र अधिकारको सुनिश्चिततासँग जोड्न सक्नुपर्छ। छठको घाटमा देखिएको राजनीतिक उपस्थितिले मधेशप्रतिको दीर्घकालीन प्रतिबद्धताको रूप लिन सके मात्र यसलाई सकारात्मक राजनीतिक संकेत मान्न सकिन्छ।

न्यायको संकट र सुधारको बाटो

न्यायाधीशको कुर्सीमा को बस्ने भन्ने प्रश्नभन्दा ठूलो प्रश्न त्यो कुर्सीमा बस्ने व्यक्तिलाई कसले, किन र कुन आधारमा त्यहाँ पुऱ्यायो भन्ने नै हो।



श्यामप्रसाद मैनाली

न्याय राजनीतिक कृपाको परिणाम बन्न थालेपछि सुधारको असाधारण उपाय आवश्यक हुन्छ। लोकतान्त्रिक राज्यको सबैभन्दा ठूलो शक्ति सेना, प्रहरी, सरकार वा संसद् नभएर निष्पक्ष न्यायपालिका हो। सरकार गलत हुन सक्छ, संसद्ले विवादास्पद कानुन बनाउन सक्छ, राजनीतिक दलले क्षणिक बहुमतको बलमा निर्णय गर्न सक्छन्। तर, नागरिकको अन्तिम भरोसा त्यहाँ टिक्छ जहाँ न्यायाधीशले कुनै दल, नेता, पहुँच वा व्यक्तिगत सम्बन्धभन्दा माथि उठेर कानुन र संविधानका आधारमा निर्णय गर्छन्। यसैले न्यायाधीश सरकारी पदाधिकारीमात्र नभएर राज्यको नैतिक विवेकका संरक्षक मानिन्छन्।

नेपालमा भने पछिल्ला वर्षहरूमा न्यायाधीश नियुक्तिको विषय स्वयं न्यायपालिकाको विश्वसनीयतामाथि प्रश्न उठाउने कारक बन्न पुगेको छ। नियुक्तिको मापदण्ड के हो ? कसलाई किन छनोट गरियो ? कसको व्यावसायिक क्षमता कति छ ? कसको न्यायिक चरित्र कस्तो छ ? नियुक्तिमा राजनीतिक पहुँच, पारिवारिक सम्बन्ध वा शक्ति केन्द्रको प्रभाव थियो कि थिएन ? यस्ता प्रश्नहरूको विश्वसनीय र पारदर्शी उत्तर जनताले चित्त बुझ्ने गरी पाउन सकेका छैनन्। यसै कारण नेपालको न्यायपालिकासँग सम्बन्धित विवादहरू व्यक्तिगत न्यायाधीशका विषयमात्र नरहेर क्रमशः संस्थागत विश्वासको संकटका रूपमा विकसित हुँदै गएका हुन्।

समस्या नेपालको नियुक्ति प्रणाली हो। यहाँ एउटा महत्त्वपूर्ण सत्य स्वीकार गर्नुपर्छ — सफल र अनुभवी वकिल न्यायाधीश बन्नु आफैँमा कुनै विकृति होइन। संयुक्त राज्य अमेरिका, बेलायत, क्यानडा, भारत, दक्षिण अफ्रिकाजस्ता अनेक लोकतान्त्रिक मुलुकमा लामो कानुनी अभ्यास गरेका वकिल, वरिष्ठ अधिवक्ता, कानुनविद् तथा कानुन प्राध्यापकहरू उच्च अदालतमा नियुक्त हुन्छन्। तीमध्ये धेरैले न्यायशास्त्रको विकास, संवैधानिक अधिकारको संरक्षण र ऐतिहासिक न्यायिक नजिर निर्माणमा असाधारण योगदान दिएका छन्। अमेरिकामा संघीय न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीश प्रायः प्रतिष्ठित वकिल, कानुनविद्, कानुन प्राध्यापक वा न्यायाधीशकै पृष्ठभूमिबाट आउँछन्। भारतको सर्वोच्च अदालतमा पनि उच्च अदालतका न्यायाधीशका अतिरिक्त निश्चित अनुभव भएका अधिवक्ताहरू नियुक्त हुन सक्ने संवैधानिक व्यवस्था छ। बेलायतमा कानुनी पेसाका अनुभवी व्यक्तिलाई कठोर छनोट प्रक्रियामार्फत न्यायाधीश बनाउने परम्परा छ।

अन्तर्राष्ट्रिय अनुभवबाट नेपालले एउटा महत्त्वपूर्ण कुरा बुझ्नुपर्छ – वकिलबाट न्यायाधीश बन्ने व्यवस्था सफल हुनका लागि वकिलको राजनीतिक निकटता नभएर उसको असाधारण व्यावसायिक क्षमता छनोटको आधार बन्नुपर्छ। त्यहाँ नियुक्तिको वास्तविक आधार कानुनी ज्ञान, मुद्दा सञ्चालनको अनुभव, न्यायिक स्वभाव, नैतिक चरित्र, लेखन क्षमता, निष्पक्षता र सार्वजनिक प्रतिष्ठा हुन्छ। नेपालमा भने कतिपय नियुक्तिमाथि योग्यता र अनुभवभन्दा बाहिरका सम्बन्ध, पहुँच र शक्ति केन्द्रसँगको निकटताले भूमिका खेलेको आरोप बारम्बार उठ्दै आएको छ। न्यायाधीश नियुक्तिसम्बन्धी नेपालका सार्वजनिक बहसमा राजनीतिक प्रभाव, नातागोता, पारदर्शिताको अभाव तथा 'भागबन्डा' को आरोप लामो समयदेखि दोहोरिँदै आएको छ। यहींबाट नेपालको वास्तविक समस्या सुरु हुन्छ।

न्यायपालिकामा राजनीतिक प्रवेश : संस्थागत संकटको बीउ

न्यायपालिकामा राजनीतिक प्रभाव प्रवेश गर्नु भनेको सामान्य प्रशासनिक कमजोरी होइन। कुनै मन्त्रालयमा राजनीतिक नियुक्ति विवादित भयो भने अर्को सरकारले त्यसलाई सच्याउन सक्छ। तर, न्यायालयमा गलत व्यक्ति प्रवेश गऱ्यो भने उसको निर्णयले नागरिकको सम्पत्ति, स्वतन्त्रता, अधिकार र राज्यको संवैधानिक भविष्यसम्म प्रभावित गर्न सक्छ। त्यसैले न्यायाधीश नियुक्तिमा भएको एउटा गल्तीले अनेकौँ नागरिकलाई असर गर्न सक्छ।

नेपालमा विभिन्न कालखण्डमा न्यायाधीश नियुक्ति राजनीतिक प्रकृतिको भएको, न्यायपरिषद्को निर्णय प्रक्रियामाथि प्रभाव परेको तथा सर्वोच्च अदालतसम्मको नियुक्तिमा विवाद उत्पन्न भएको सार्वजनिक बहस देखिन्छ। विसं २०४८ पछिको नियुक्ति प्रक्रिया र विशेषतः २०६३ पछिको न्यायिक नियुक्ति संरचनाबारे राजनीतिक प्रभाव र अपारदर्शितासम्बन्धी गम्भीर प्रश्न उठाइएको छ। अर्कोतर्फ, २०७३ सालमा जिल्ला र उच्च अदालतमा भएको ८० न्यायाधीश नियुक्ति पनि व्यापक विवाद र न्यायिक चुनौतीको विषय बनेको थियो। नियुक्तिको प्रक्रिया, समय र समावेशितासम्बन्धी प्रश्न सार्वजनिक रूपमा उठेका थिए।

सर्वोच्च अदालतका केही नियुक्तिसमेत योग्यता, आवश्यक अनुभव तथा संवैधानिक प्रावधानको व्याख्यासँग जोडेर विवादित भएका उदाहरणहरू छन्। यी घटनाले एउटा असहज प्रश्न जन्माएका छन् — नेपालमा न्यायाधीश बन्ने बाटो वास्तवमै सबैभन्दा योग्य व्यक्तिको खोजी गर्ने बाटो हो कि शक्ति केन्द्रसम्म पहुँच भएका व्यक्तिहरूका लागि खुल्ने विशेष ढोका ? यही प्रश्नको विश्वसनीय उत्तर दिन नसक्नु नै आजको न्यायपालिकाको सबैभन्दा ठूलो चुनौती हो।

वकिलबाट सिधै उच्च अदालत वा सर्वोच्चमा जाने प्रवृत्तिमाथि पुनर्विचार जरुरी छ। न्यायिक सेवाको एउटा स्वाभाविक दर्शन हुन्छ। जिल्ला अदालतदेखि उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म काम गर्ने क्रममा न्यायाधीशले कानुनका पुस्तकमात्र पढ्दैनन् बरु उनले न्यायिक व्यवहार, प्रमाणको मूल्याङ्कन, साक्षीको विश्वसनीयता परीक्षण, आदेश लेख्ने अनुशासन र अदालत व्यवस्थापन सिक्छन्। उनले पक्ष र विपक्षबीच समान दूरी कायम गर्ने अभ्यास गर्छन्। सबैभन्दा महत्त्वपूर्ण उनले न्यायाधीश हुनु र वकिल हुनु एउटै होइन भन्ने अनुभवबाट सिक्छन्।

वकिलको भूमिका आफ्नो पक्षको सर्वोत्तम प्रतिनिधित्व गर्नु हो भने न्यायाधीशको भूमिका दुवै पक्षबाट समान दूरी कायम गरी निष्पक्ष निर्णय गर्नु हो। उत्कृष्ट वकिल उत्कृष्ट न्यायाधीश बन्न सक्छन् तर प्रत्येक सफल वकिल स्वतः उत्कृष्ट न्यायाधीश हुन्छन् भन्ने ग्यारेन्टी छैन। नेपालको सन्दर्भमा समस्या अझ गम्भीर त्यतिबेला हुन्छ जब लामो न्यायिक अनुभवबिना कुनै व्यक्ति अपेक्षाकृत छिटो उच्च तहको न्यायालयमा प्रवेश गर्छन् र त्यसपछि न्यायिक नेतृत्वको रोलक्रममा समेत पुग्ने सम्भावना निर्माण हुन्छ। हालका सार्वजनिक बहसहरूमा पनि कानुन व्यवसायी पृष्ठभूमिबाट सिधै सर्वोच्च अदालत प्रवेश गर्ने क्रमले न्याय सेवाबाट लामो अनुभव हासिल गरेका न्यायिक क्याडरको वृत्तिविकासमा असर पारेको प्रश्न उठाइएको छ। यसले दुईवटा गम्भीर समस्या उत्पन्न गर्छ — पहिलो, योग्य क्याडर न्यायाधीशको मनोबल कमजोर हुन्छ, दोस्रो, बाहिरबाट प्रवेश गर्ने व्यक्तिको छनोट प्रक्रिया राजनीतिक वा व्यक्तिगत प्रभावबाट दूषित हुने सम्भावना बढ्छ।

अन्तर्राष्ट्रिय सन्दर्भ

नेपालले विदेशी प्रणालीको अन्धाधुन्ध नक्कल गर्न आवश्यक छैन तर सफल प्रणालीबाट सिक्न आवश्यक छ। संयुक्त राज्य अमेरिकामा उच्च न्यायालयका न्यायाधीशहरू कानुनी पेसाबाट आउन सक्छन्। तर, उनीहरूको नियुक्ति अत्यन्त गम्भीर सार्वजनिक प्रक्रियाबाट गुज्रन्छ। राष्ट्रपतिले मनोनयन गर्छन् तर सिनेटको सुनुवाइ, सार्वजनिक परीक्षण र व्यापक राजनीतिक तथा व्यावसायिक समीक्षा हुन्छ। त्यहाँ पनि नियुक्ति राजनीतिक विवादबाट मुक्त छैन तर नियुक्ति प्राप्त गर्ने व्यक्तिको कानुनी इतिहास, लेखन, निर्णय, व्यावसायिक प्रतिष्ठा र सार्वजनिक जीवन गम्भीर परीक्षणको विषय बन्छ। अर्थात् बाहिरबाट ल्याउने व्यवस्था छ तर बिनापरीक्षण ल्याउने व्यवस्था होइन।

बेलायतमा कानुनी पेसाबाट न्यायाधीश नियुक्त हुने परम्परा बलियो छ। तर, नियुक्तिको मूल दर्शन व्यक्तिगत कृपा नभएर प्रतिस्पर्धात्मक मूल्याङ्कन र योग्यता हो। न्यायाधीश बन्नु कुनै राजनीतिक दलसँग निकटता बढाउनुको पुरस्कार होइन। त्यो कानुनी पेसामा प्रमाणित क्षमता, अनुभव र व्यावसायिक प्रतिष्ठाको परिणाम हुनुपर्छ। भारतमा अधिवक्ताबाट उच्च अदालत र सर्वोच्च अदालतमा नियुक्तिको संवैधानिक बाटो छ। त्यसले भारतलाई धेरै उत्कृष्ट न्यायविद् दिएको पनि छ। तर, त्यहाँको प्रणाली पनि विवादरहित भने छैन। न्यायाधीश नियुक्ति प्रणाली र 'कोलेजियम' माथि पारदर्शिताको प्रश्न उठ्ने गरेका छन्।

यसबाट नेपालले एउटा महत्त्वपूर्ण शिक्षा लिनुपर्छ। वकिलबाट न्यायाधीश नियुक्ति सफल हुने वा असफल हुने कुरा पेसागत पृष्ठभूमिले मात्र तय नगरी नियुक्ति गर्ने संस्थाको गुणस्तरले तय गर्छ। अन्तर्राष्ट्रिय तुलनात्मक अध्ययनहरूले पनि न्यायाधीश नियुक्तिमा योग्यता, पारदर्शिता, निष्पक्षता र स्पष्ट मापदण्डलाई प्रमुख सुधारका विषयका रूपमा प्रस्तुत गरेका छन्।

नेपालका लागि असाधारण तर आवश्यक प्रस्ताव

नेपालको वर्तमान अवस्थालाई हेर्दा अब एउटा गम्भीर राष्ट्रिय बहस आवश्यक छ। नेपालले संविधान संशोधनमार्फत कम्तीमा १५ वर्षका लागि कानुन व्यवसायीबाट सिधै सर्वोच्च अदालतका न्यायाधीश नियुक्त गर्ने व्यवस्थामा अस्थायी रोक लगाउने विकल्पमाथि गम्भीर विचार गर्नुपर्छ। यसको अर्थ वकिलहरू अयोग्य छन् भन्ने होइन न त कानुनी पेसाको अपमान गर्नु नै हो। यो प्रस्तावको अर्थ नेपालको न्यायिक नियुक्ति प्रणालीले पहिले आफ्नो घर सफा गरोस् भन्ने हो। न्यायाधीश नियुक्तिको मुख्य आधार न्याय सेवामा प्रमाणित अनुभव, प्रतिस्पर्धा, कार्यसम्पादन, निर्णय

–बाँकी तीन पेजमा

न्यायको संकट...

लेखनको क्षमता, नैतिकता र वरिष्ठताको सन्तुलन बनाइयोस्। जिल्ला अदालतबाट उच्च अदालत र सर्वोच्च अदालतसम्मको न्यायिक वृत्तिविकासलाई पूर्वानुमानयोग्य, पारदर्शी र सम्मानजनक बनाइयोस्। यस अवधिमा न्यायपालिकाभित्र एउटा बलियो, सक्षम र व्यावसायिक क्याडर निर्माण गर्न सकिन्छ। जब नियुक्ति प्रणालीप्रति जनविश्वास पुनःस्थापित हुन्छ त्यसपछि योग्य कानुन व्यवसायीलाई फेरि प्रवेश दिने विषयमा पुनर्विचार गर्न सकिन्छ। अर्थात् यो स्थायी निषेध होइन न्यायिक शुद्धीकरणका लागि सीमित अवधि हो।

क्याडर न्यायाधीश मात्र भएर पनि सुधार पूरा हुँदैन। यहाँ अर्को महत्त्वपूर्ण कुरा पनि स्वीकार गर्नुपर्छ वकिलको प्रवेश रोक्दैमा न्यायपालिका स्वतः शुद्ध हुँदैन। न्याय सेवाभित्र पनि राजनीतिक प्रभाव, नातावाद, शक्ति केन्द्रको पहुँच र अनुचित बढुवा कायम रहृयो भने समस्या अर्को ढोकाबाट भित्रिन्छ। त्यसैले सुधारको प्याकेज व्यापक हुनुपर्छ। न्यायाधीश नियुक्त गर्ने संस्थाको संरचना र निर्णय प्रक्रिया पुनरावलोकन गर्नुपर्छ। नियुक्तिको स्पष्ट अङ्क प्रणाली, सार्वजनिक मापदण्ड र कारणसहितको सिफारिस आवश्यक छ। उच्च न्यायिक पदमा जाने व्यक्तिको सम्पत्ति, आर्थिक व्यवहार, पारिवारिक स्वार्थ र सम्भावित हितको द्वन्द्व गम्भीर रूपमा परीक्षण हुनुपर्छ। न्यायाधीशको मूल्याङ्कन वरिष्ठताका आधारमा मात्र नभएर निर्णयको गुणस्तर, समयमै फैसला, आचरण, अनुसन्धान क्षमता र न्यायिक अनुशासनका आधारमा हुनुपर्छ। सक्रिय राजनीतिक दलसँग निकट सम्बन्ध राखेको, दलको प्रत्यक्ष कार्यकर्ता बनेको वा नियुक्तिका लागि राजनीतिक शक्ति केन्द्रमा सक्रिय रूपमा दौडधूप गरेको व्यक्ति तत्कालै न्यायाधीश बन्ने अभ्यासलाई रोक्नुपर्छ।

न्यायाधीश बन्नुअघि 'कुलिङ अफ पिरियड' को अवधारणामाथि पनि विचार गर्न सकिन्छ। सर्वोच्च अदालत कुनै प्रयोगशाला होइन। त्यहाँ पुग्ने व्यक्ति पहिले नै न्यायिक अनुभव, परिपक्वता र असाधारण कानुनी क्षमता प्रमाणित गरिसकेको हुनुपर्छ। सिधै सर्वोच्चमा प्रवेश अत्यन्त दुर्लभ र असाधारण अवस्थामा मात्र सम्भव हुने व्यवस्था हुनुपर्छ। न्यायाधीश नियुक्तिको सबैभन्दा खतरनाक पक्ष भनेको 'मेरो मान्छे' को संस्कृति हो। राजनीतिमा मेरो दल हुन सक्छ, सरकारमा मेरो मन्त्री हुन सक्छ, निर्वाचनमा मेरो उम्मेदवार हुन सक्छ तर न्यायालयमा मेरो न्यायाधीश हुनु हुँदैन। जुन दिन राजनीतिक दलहरूले न्यायाधीशलाई आफ्नो शक्ति विस्तारको साधन ठान्न थाल्छन् त्यसै दिन न्यायपालिकाको स्वतन्त्रता कागजमा मात्र बाँकी रहन्छ। न्यायाधीशले निर्णय गर्दा संविधान हेर्नुपर्छ नियुक्ति गराउने व्यक्तिको अनुहार होइन। उनले प्रमाण हेर्नुपर्ने हो, फोन कहाँबाट आयो भन्ने होइन। उनले कानुनको व्याख्या गर्नुपर्ने हो राजनीतिक शक्तिको इच्छा पूरा गर्नु होइन। नेपालको न्यायपालिकाले आज यही नैतिक सीमारेखा पुनःस्थापित गर्नुपर्ने आवश्यकता छ।

अब सुधारको साहस चाहिन्छ। सुधार सधैँ लोकप्रिय हुँदैन। न्यायिक नियुक्तिमा राजनीतिक पहुँचबाट लाभ लिइरहेका समूहले परिवर्तनको विरोध गर्न सक्छन्। कानुन व्यवसायी समुदायभित्र पनि यो प्रस्तावप्रति असहमति हुन सक्छ। त्यो स्वाभाविक हो। तर, राष्ट्रिय संस्थाको सुधार कुनै पेसागत समूहको सुविधाअनुसारमात्र तय हुनु हुँदैन। कुनै व्यवस्था निरन्तर विवाद, अविश्वास र राजनीतिक प्रभावको माध्यम बन्दै गएको छ भने त्यसलाई पुनर्विचार गर्नु लोकतन्त्रविरोधी नभई लोकतन्त्रको संस्थागत आत्मरक्षा हो। नेपालले आज एउटा साहसी प्रश्न सोध्नुपर्छ — हामी न्यायपालिकालाई राजनीतिक प्रभावबाट मुक्त गर्न चाहन्छौँ कि पुरानै अभ्यासलाई जोगाइराख्न ? उत्तर पहिलो हो भने नियुक्ति प्रणालीमा सामान्य सुधार पर्याप्त नहुन सक्छ।

न्यायाधीश बन्ने ढोका होइन न्यायको मन्दिर बचाऔँ

नेपालमा न्यायाधीश नियुक्तिको बहसलाई 'वकिल विरुद्ध न्याय सेवा' को संकीर्ण विवादमा सीमित गर्नु हुँदैन। उत्कृष्ट वकिल उत्कृष्ट न्यायाधीश बन्न सक्छन्। विश्वका लोकतान्त्रिक देशहरूले त्यसको पर्याप्त प्रमाण दिएका छन्। तर, नेपालको अनुभवले एउटा असहज सन्देश दिएको छ। राम्रो अन्तर्राष्ट्रिय अभ्यासलाई कमजोर राजनीतिक संस्कृतिमा लागू गर्दा त्यसको परिणाम पनि विकृत हुन सक्छ। त्यसैले नेपालको वर्तमान सन्दर्भमा करिब १५ वर्षका लागि कानुन व्यवसायीबाट सर्वोच्च अदालतमा सिधै न्यायाधीश नियुक्ति रोक्ने संवैधानिक वा कानुनी विकल्पमाथि गम्भीर राष्ट्रिय बहस हुनुपर्छ। यस अवधिमा न्याय सेवाको क्याडरलाई व्यावसायिक, सक्षम, निष्पक्ष र पारदर्शी प्रणालीमार्फत विकसित गरिनुपर्छ। त्यसपछि मात्र बाहिरबाट उत्कृष्ट कानुनविद् ल्याउने प्रणालीलाई अझ कडा, खुला र प्रतिस्पर्धात्मक मापदण्डसहित पुनःस्थापित गर्न सकिन्छ।

न्यायपालिका कुनै व्यक्तिको राजनीतिक पुरस्कारस्थल होइन। यो पहुँच भएकाहरूको विश्रामगृह पनि होइन। यो दलगत भागबन्डाको अर्को क्षेत्र त झन् हुनै सक्दैन। न्यायपालिका त्यस्तो संस्था हो जहाँ सबैभन्दा शक्तिशाली व्यक्ति र सबैभन्दा कमजोर नागरिक कानुनको अगाडि समान रूपमा उभिन सकुन्। त्यसका लागि अब नेपालले नियुक्तिको संख्या बढाउनेभन्दा नियुक्तिको गुणस्तर सुधार्ने निर्णय गर्नुपर्छ। आजको सबैभन्दा ठूलो आवश्यकता नयाँ न्यायाधीश थप्नु नभएर न्यायपालिकामाथिको जनविश्वास पुनःस्थापित गर्नु हो। त्यसका लागि कहिलेकाहीँ सामान्य सुधार पर्याप्त हुँदैन। संस्थालाई बचाउन असाधारण सुधारको साहस गर्नुपर्छ।

न्यायाधीशको कुर्सीमा को बस्ने भन्ने प्रश्नभन्दा ठूलो प्रश्न त्यो कुर्सीमा बस्ने व्यक्तिलाई कसले, किन र कुन आधारमा त्यहाँ पुऱ्यायो भन्ने नै हो। जबसम्म नेपालले यस प्रश्नको पारदर्शी उत्तर दिन सक्दैन तबसम्म न्यायपालिकाको सुधार अधुरो रहनेछ। त्यसैले अब समय आएको छ— न्यायाधीश नियुक्तिको ढोकामात्र व्यवस्थापन गर्ने होइन न्यायको मन्दिरलाई नै राजनीतिक प्रभावबाट पूर्णरूपमा मुक्त गर्नुपर्छ। बाह्रखरीबाट

सभामुख अर्यालद्वारा भीमफेदी दुर्घटनामा ज्यान गुमाएका परिवारसँग भेट




सर्लाही, ३० कार्तिक। सभामुख डोलप्रसाद अर्याल (डीपी) ले सोमबार सर्लाहीको चक्रघट्टा गाउँपालिका–४, सुन्दरपुर पुगेर भीमफेदी दुर्घटनामा ज्यान गुमाएकाका परिवारसँग भेट गर्नुभएको छ।

गत बिहीबार मकवानपुरको भीमफेदीमा हायस गाडी दुर्घटना हुँदा चालकसहित १४ जनाको मृत्यु भएको थियो। मृतकमध्ये १३ जना सुन्दरपुर गाउँका हुन्।

सभामुख अर्याललले सोमबार दिउँसो मृतकका परिवारसँग घरघरमै पुगेर भेट गर्नुभएको हो। भेटका क्रममा मृतकका परिवारका सदस्यले सभामुख अर्यालसँग राहत रकम र घटनाको निष्पक्ष छानबिनको माग राखेका छन्। सभामुख अर्याललले राहत रकम तत्काल प्राप्त गर्ने व्यवस्था मिलाउन समन्वय गर्ने आश्वासन दिनुभएको छ। मृतकका परिवारसँग सभामुख अर्यालसँगै प्रतिनिधिसभा सदस्यहरू नीतिमा भण्डारी कार्की, रवीन महतो, नरेन्द्र साह, सरिता महतो र रहबर अन्सारीलगायतले पनि भेट गर्नुभएको थियो।

छठ सकियो, पोखरीमा थुप्रियो फोहोर



जनकपुरधाम, ३० कार्तिक। अस्ताउँदो सूर्यलाई अर्घ दिँदा हात जोडिएका थिए, आँखामा श्रद्धा थियो, मनमा परिवारको सुख, शान्ति र समृद्धिको कामना थियो। बिहानैदेखि पोखरीका डिलमा भक्तजनको घुइँचो थियो। जलाशयमा उभिएर व्रतालुहरूले सूर्यदेव र छठी माताको आराधना गरिरहेका थिए। घाटहरू दीप, दियो र बत्तीले झिलिमिली थिए। चारैतिर भक्तिमय वातावरण थियो। लोकगीतका मधुर धुनसँगै छठ पर्वको रौनकले जनकपुरधामका पोखरीहरूलाई जीवन्त बनाएको थियो।

प्रकृतिसंगको प्रत्यक्ष सम्बन्धलाई दर्शाउने छठ पर्व समाप्त भएको केही बेरमै छठ घाट र पोखरीहरू अहिले फोहोरको थुप्रोले भरिएका छन्। जहाँ केही समयअघि भक्तजनहरू कम्मरसम्म पानीमा उभिएर सूर्यलाई अर्घ दिइरहेका थिए, त्यहीँ अहिले पूजामा प्रयोग गरिएका सामग्री, फलफूलका अवशेष, प्लास्टिकका झोला, दियो, बत्ती, घैला र अन्य फोहोर छरिएका छन्। पर्व सकियो, भक्तजन घर फर्किए, तर उनीहरूले छाडेका फोहोर भने पोखरी र घाटमै बाँकी छन्।

यो दृश्य केवल फोहोर व्यवस्थापनको समस्या मात्र होइन। यो प्रकृतिप्रति हाम्रो व्यवहार, धार्मिक आस्थाको वास्तविक अर्थ र सामाजिक जिम्मेवारीमाथि उठेको गम्भीर प्रश्न पनि हो। प्रकृतिसँग प्रत्यक्ष रूपमा जोडिएको छठ पर्वमा प्रकृतिको काखमा पुगेर पूजा गरिन्छ। पोखरी, ताल, नदी र जलाशयको किनारमा उभिएर जल र सूर्यलाई साक्षी राख्दै सूर्यदेवको आराधना गरिन्छ। पृथ्वीमा जीवन सम्भव बनाउने सूर्यप्रति कृतज्ञता व्यक्त गरिन्छ।

छठ पर्वमा प्रयोग गरिने अधिकांश सामग्री पनि प्रकृतिबाटै प्राप्त हुन्छन्। माटोको घैला, दियो, केराको पात, उखु, नरिवल, फलफूल र अन्य मौसमी उत्पादनबाट प्रसाद तथा परिकार तयार पारिन्छन्। प्रकृतिले दिएको उपहारलाई नै प्रकृतिसामु अर्पण गर्नु यस पर्वको सुन्दर विशेषता हो। यस पर्वले मानिसलाई प्रकृतिप्रति कृतज्ञ हुन, जलस्रोतको महत्त्व बुझ्न र प्राकृतिक सम्पदाको सम्मान गर्न सिकाउँछ। पोखरी र नदीको सरसफाइ, शुद्धता तथा पवित्रतालाई विशेष महत्त्व दिइन्छ। छठ आउनुअघि नै घाट र पोखरीहरूको सरसफाइ गर्ने परम्परा छ। कतिपय ठाउँमा स्थानीयवासी र युवाहरू आफैँ जुटेर पोखरीका डिल सफा गर्छन्, जलाशय वरिपरिका झारपात हटाउँछन् र घाटलाई आकर्षक बनाउँछन्।

तर विडम्बना ! जुन पोखरीलाई सफा गरेर पूजा गर्न योग्य बनाइन्छ, त्यही पोखरीलाई पूजा सकिएपछि फोहोरको थुप्रोमा परिणत गरिन्छ। यो व्यवहारले जोसुकैको मनमा एउटा प्रश्न उठाएको छ। प्रकृतिको पूजा गर्ने नाममा प्रकृतिलाई नै फोहोर उपहार दिनु कस्तो आस्था हो ? सूर्यसँग जीवन र समृद्धिको कामना गर्ने तर सूर्यको प्रकाशले जीवन दिएको यही प्रकृतिको संरक्षणप्रति बेवास्ता गर्नु कस्तो धार्मिक व्यवहार हो ?

श्रद्धाका साथ तयार पारीएका पूजाका सामग्रीहरु घरदेखि घाटसम्म पुऱ्याउन विशेष सावधानी अपनाइन्छ। कुन सामग्री कहाँ राख्ने, कुन परिकार कसरी चढाउने र कुन समयमा सूर्यलाई अर्घ दिने भन्ने कुरामा विशेष ध्यान दिइन्छ। तर पूजा सम्पन्न भएपछि त्यही सावधानी र जिम्मेवारी हराएजस्तो देखिएको छ। जनकपुरधामका मुख्य मानिने गंगासागर पोखरीको घाट, धनुष सागर पोखरी घाट, दशरथ तलाउको घाट र अंगराजसर पोखरीको घाटको अहिलेको अवस्था हेर्दा कुनै डम्पिङ साईट वरिपरिको दृश्य भन्दा कम देखिन्न।

पूजाका लागि ल्याइएका दियो, बत्ती, घैला, ढाकी, सुपली तथा अन्य सामग्रीहरु पोखरी र पोखरीको घाटमै छोडेर श्रद्धालुहरु घर फर्किएका छन्। यसले एउटा गम्भीर विरोधाभास उजागर गर्छ। पूजा गर्दा पवित्रता खोज्ने हामी, पूजा सकिएपछि त्यही पवित्रताको आधार बनेको वातावरणप्रति किन उदासीन हुन्छौँ ? धर्म र आस्था केवल केही घण्टाको अनुष्ठानमा सीमित हुन सक्छन् र ? यदि हामी साँच्चिकै सूर्यदेव र छठी माताप्रति श्रद्धा राख्छौँ भने प्रकृतिले दिएको जल, जमिन र वातावरणको संरक्षण गर्नु पनि त्यही आस्थाको हिस्सा हुनुपर्ने होइन र ?

छठ पर्वलाई शुद्धता, संयम, अनुशासन र स्वच्छताको पर्वका रूपमा पनि लिइन्छ। यस पर्वमा व्रतालुहरूले कठिन व्रत बस्छन्, खानपानमा विशेष शुद्धता अपनाउँछन् र पूजाका सामग्रीदेखि घाटसम्मको पवित्रतामा ध्यान दिन्छन्। तर स्वच्छताको यही सन्देश पर्व सम्पन्न भएपछि किन हराउँछ ? के स्वच्छता केवल पूजाका लागि आवश्यक हो ? के पोखरीको पवित्रता अर्घ दिँदासम्म मात्र कायम रहनुपर्ने हो ?

वास्तवमा छठको अर्थ सूर्यलाई अर्घ दिनु मात्र होइन। सूर्यले दिएको प्रकाश, ताप र ऊर्जाबाट चलिरहेको जीवनप्रति कृतज्ञ हुनु पनि हो। पानी, हावा, माटो र वनस्पतिप्रति सम्मान व्यक्त गर्नु पनि हो। प्रकृतिको संरक्षणबिना मानव जीवन सम्भव छैन भन्ने सन्देशलाई आत्मसात् गर्नु पनि हो। तर व्यवहारमा भने हामीले छठको आध्यात्मिक र सांस्कृतिक पक्षलाई आत्मसात् गरे पनि त्यसको वातावरणीय सन्देशलाई पर्याप्त रूपमा व्यवहारमा उतार्न सकेका छैनौँ।

आस्थाको नाममा गरिने कुनै पनि कार्यले प्रकृतिलाई क्षति

–बाँकी अन्तिम पेजमा

रास्वपा सांसद डा. अमरेशकुमार सिंहको मेची–महाकाली पदयात्रा सुरु



विजयकुमार साह

ढल्केबर, ३० कार्तिक । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा. अमरेशकुमार सिंहले सोमबार जनकपुरबाट मेची–महाकाली पदयात्रा सुरु गर्नुभएको छ। जनताका समस्या, गुनासा र सुझाव प्रत्यक्ष रूपमा सुन्ने उद्देश्यले उहाँले यो यात्रा सुरु गर्नुभएको हो। जनकपुरधामस्थित जानकी मन्दिरमा रास्वपा सभापति रवि लामिछानेले पदयात्राको शुभारम्भ गर्नुभयो। त्यस अवसरमा डा. सिंहले नागरिकका वास्तविक समस्या प्रत्यक्ष रूपमा बुझ्न यो पदयात्रा सुरु गरिएको बताउनुभयो।

उहाँले यो देश र समाजलाई जोड्ने अभियानसमेत भएको उल्लेख गर्दै जात, धर्म, पहाड, मधेस वा वर्गका नाममा कुनै पनि प्रकारको द्वन्द्व हुन नदिन पदयात्रा सुरु गरिएको जानकारी दिनुभयो। डा. सिंहले मेची नदीको किनारबाट सुरु हुने पदयात्रा मकर सङ्क्रान्तिका दिन महाकाली नदीको किनारमा पुगेर सम्पन्न हुने जानकारी दिनुभयो।

पदयात्राका क्रममा दैनिक पाँच घण्टा हिँड्ने र सात घण्टा जनताका कुरा सुन्ने योजना रहेको सांसद सिंहले सुनाउनुभयो। प्रत्येक २० देखि २५ किलोमिटरको दूरीमा पर्ने गाउँमा पुगेर स्थानीय बासिन्दासँग छलफल गर्ने र आसपासका बस्तीमा समेत पुगेर समस्या तथा सुझाव सङ्कलन गरिने उहाँको भनाइ छ। यात्राका क्रममा मजदुर, किसान, महिला, दलित, मुस्लिम, व्यापारी, युवालगायत सबै वर्ग र समुदायका नागरिकसँग प्रत्यक्ष संवाद गरिने बताउँदै डा। सिंहले विशेषगरी रोजगारी, जनजीविका र स्थानीय तहमा देखिएका समस्यालाई प्राथमिकताका साथ सङ्कलन गरिने जानकारी दिनुभयो।

डा. सिंहले पदयात्राका क्रममा सङ्कलन गरिएका समस्या र सुझावको प्रतिवेदन तीन प्रति तयार गरिने जानकारी दिनुभयो। एउटा प्रति रास्वपा सभापति लामिछानेलाई र अर्को प्रधानमन्त्रीलाई बुझाइने तथा तेस्रो प्रति आफूले राखेर संसद्मा जनताका आवाज उठाउने उहाँको भनाइ छ।

मधेसमा अब तीन दलको सरकार गठन तयारी, मुख्यमन्त्री को ?

पार्वता चौधरी

काठमाडौं, ३० कार्तिक । छठ पर्वको समापनसँगै मधेस प्रदेशमा नयाँ सरकार गठनका निम्ति राजनीतिक दलहरू सक्रिय भएका छन्। नयाँ सरकार बनाउन आवश्यक राजनीतिक समीकरण मिलाउन दलहरूबीच संवाद र परामर्श तीव्र बनेको हो। नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को समर्थनमा जनता समाजवादी पार्टी (जसपा) नेपालको नेतृत्वमा सरकार गठन गर्ने विषयमा नेताहरूबीच छलफल अघि बढाइएको छ।

प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्ने अवस्था नदेखिएपछि मुख्यमन्त्री कृष्णप्रसाद यादवले शनिबार (कात्तिक २८) पदबाट राजीनामा दिएका थिए। एमाले र नेकपाले समर्थन फिर्ता लिएपछि कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको थियो। आवश्यक बहुमत जुटाउन नसक्ने अवस्था बनेपछि यादवले विश्वासको मत लिने प्रक्रियामा प्रवेश गर्नुअघि नै पद त्यागेका हुन्।

मुख्यमन्त्रीको राजीनामासँगै नयाँ सरकार गठनको संवैधानिक प्रक्रिया अघि बढाइएको छ। नेकपाका नेता भरतकुमार साहले जसपा नेपालकै नेतृत्वमा सरकार गठन गर्ने तयारी भइरहेको बताए। "(मुख्यमन्त्रीमा) सरोज यादवजीकै सम्भावना बढी छ। अन्यको पनि दाबी छ, तर संसदीय दलको नेता नै प्रायः मुख्यमन्त्री बन्ने परिपाटी रहेकाले उहाँकै सम्भावना बढी छ। जितेन्द्र सोनार र लालबाबु राउतको पनि दाबी छ," उनले भने। मुख्यमन्त्रीका निम्ति नेकपाले जसपालाई समर्थन गर्ने उनले स्पष्ट पारे।

मुख्यमन्त्री बन्ने व्यक्तिका विषयमा जसपा नेपालभित्र छलफल नभएको नेता जितेन्द्र सोनारले बताए। उनले सरकार गठन र मन्त्रीका विषयमा बोल्न चाहेनन्। "सरकार र मन्त्रीका विषयमा म बोल्न चाहन्नँ। पार्टीमा यो विषय प्रवेश भएको छैन," उनले भने, "म पनि (जसपा नेपालको) दोस्रो तहको नेता हुँ। यस विषयमा अहिले म यसै केही भन्न सक्दिनँ।" सोनार यसअघि मधेस प्रदेशसभामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको संसदीय दलका नेता थिए। लोसपा ०८२ पुस २७ गते जसपा नेपालमा समाहित भएको हो।

एमाले मधेस संसदीय दलका नेता सरोजकुमार यादवले यस विषयमा अनौपचारिक छलफल भएको बताए। औपचारिकताका निम्ति अझै छलफल आवश्यक रहेको उनले उल्लेख गरे। सोमबार (कात्तिक ३०) बस्ने तीन दलको बैठकबाट यस विषयमा निर्णय गरिने उनको भनाइ छ। उनले भने, "धेरै चिजहरू अनौपचारिक र औपचारिक रूपले खण्डन भइरहेका छन्। अब आज (सोमबार) हामी बस्दै छौं। हाम्रो संवादपछि निष्कर्ष निस्किएला।"

जसपा नेपालका नेता मनिषकुमार सुमनले आफ्नै पार्टीले सरकारको नेतृत्व गर्ने बताए। "जसपाकै नेतृत्वमा सरकार बनाउने परिस्थिति देख्दै छु। जसपाले नेतृत्व लिएन भने सरकार बन्ने विषयमा अलमल हुन्छ," उनले भने, "सिट हाम्रै पार्टीको बढी रहेका कारण पनि हामी बाध्यात्मक अवस्थामा छौं।" प्रदेशसभाको पहिलो कार्यकालमा जसपाकै लालबाबु राउतले ०७४ फागुन २ देखि ०७९ पुस २९ गतेसम्म मुख्यमन्त्रीको जिम्मेवारी सम्हालेका थिए। मधेस प्रदेश स्थापनापछि पहिलो कार्यकालको अधिकांश समय उनले नै सरकारको नेतृत्व गरेका थिए।

प्रदेशसभाको दोस्रो निर्वाचनपछि जसपा नेपालका सरोजकुमार यादव मुख्यमन्त्री बने। बारा क्षेत्र नम्बर–१ 'ख'बाट निर्वाचित यादव संसदीय दलका नेता समेत थिए। तर, उनले विश्वासको मत प्राप्त गर्न नसकेपछि पदमुक्त हुनुपरेको थियो। पछिल्लो समय मधेसमा मुख्यमन्त्रीको जिम्मेवारी छोटो अवधिमै फेरिएको छ। जसपा नेपालका सरोजकुमारपछि जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री बनेका थिए। त्यसपछि तत्कालीन लोसपाका जितेन्द्र सोनार मुख्यमन्त्री बने। तर, विश्वासको मत लिने क्रममा बहुमत नपुग्ने देखेपछि एक महिनाभित्रै उनले राजीनामा दिएका थिए।

उनको राजीनामापछि एमालेका सरोजकुमार यादव मुख्यमन्त्री बने। उनले पनि विश्वासको मत नपाउने अवस्था भएपछि राजीनामा दिए। त्यसपछि कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री बनेका थिए। उनले कात्तिक २८ गते राजीनामा दिएसँगै नयाँ सरकार गठनको प्रक्रिया अघि बढाइएको हो। १०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार गठनका निम्ति कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ। मधेसमा जसपा नेपालका २७, एमालेका २३ र नेकपाका १५ सांसद छन्। यी तीन दल एक ठाउँमा उभिएमा उनीहरूको कुल संख्या ६५ पुग्छ। यो संख्या सरकार गठनका निम्ति आवश्यक बहुमतभन्दा ११ ले बढी हो।

तर, दलहरूबीचको औपचारिक निर्णय, मुख्यमन्त्रीको उमेदवार चयन, मन्त्रालय बाँडफाँट र सरकारको साझा प्राथमिकताका विषयमा सहमति जुट्न बाँकी छ। प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेकाले सत्तासमीकरण फेरिने क्रमले निरन्तरता पाउँदै आएको छ। प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्तिका निम्ति दाबी पेस गर्न आह्वान गरेका छन्। त्यसनिम्ति मंसिर ४ गते अपराह्न ४ बजेसम्मको समयसीमा तोकिएको छ।

> छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो ।

छठ सकियो,...

पुऱ्याउनु हुँदैन। बरु प्रकृतिको पूजा गर्ने पर्वले प्रकृतिको संरक्षण गर्ने संस्कारलाई अझ बलियो बनाउनुपर्ने हो। पोखरी र घाटहरूमा देखिएको फोहोरको समस्या भक्तजनको चेतनाको कमीसँग मात्र जोडिएको छैन। यसमा घाट व्यवस्थापन समिति र सम्बन्धित निकायको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ। छठ पर्वअघि घाट सजावट, बत्ती व्यवस्थापन, सरसफाइ, सुरक्षा तथा अन्य तयारीमा विभिन्न समिति सक्रिय हुन्छन्। चन्दा संकलनदेखि सजावटसम्मका काममा व्यापक तयारी गरिन्छ। घाटलाई आकर्षक बनाउन विभिन्न संरचना निर्माण गरिन्छन्। तर पर्व सकिएपछि ती घाटहरूको व्यवस्थापन र सरसफाइ कसको जिम्मेवारी हो भन्ने विषयमा पर्याप्त ध्यान पुगेको देखिँदैन।

यदि पर्वअघि घाट सफा गर्न सकिन्छ भने पर्वपछि फोहोर उठाउन किन सकिँदैन ? यदि हजारौँ भक्तजनलाई व्यवस्थित रूपमा अर्घ दिने वातावरण बनाउन सकिन्छ भने उनीहरू फर्किएपछि घाट सफा राख्ने व्यवस्था किन गर्न सकिँदैन ?

घाट व्यवस्थापन समितिले पर्व सुरु हुनुअघि मात्र होइन, पर्व सम्पन्न भएपछि पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। प्रत्येक घाटमा पर्याप्त फोहोर संकलन गर्ने डस्टबिन राख्ने, पूजा सम्पन्न भएपछि तत्काल सरसफाइ टोली परिचालन गर्ने, फोहोर छुट्याएर व्यवस्थापन गर्ने र पोखरीमा पूजाका सामग्री फाल्न नदिने व्यवस्था गर्न सकिन्छ। त्यस्तै, स्थानीय तहले पनि छठ पर्वका लागि विशेष सरसफाइ योजना बनाउन आवश्यक छ। पर्वको अवधिभर मात्र नभई त्यसपछि पनि केही दिनसम्म नियमित फोहोर संकलन र व्यवस्थापनको व्यवस्था हुनुपर्छ।

घाट व्यवस्थापन समितिहरूको सफलता घाट कति आकर्षक बनाइयो, कति बत्ती बालियो वा कति सजावट गरियो भन्ने आधारमा मात्र मापन हुनु हुँदैन। पर्व सकिएपछि घाट कति सफा राखियो भन्ने कुरा पनि त्यसको सफलताको महत्त्वपूर्ण मापदण्ड बन्नुपर्छ। जनकपुरधामसहित मधेश प्रदेशका जनतामा हुने एउटा नराम्रो सोँच अझै पनि छ। सार्वजनिक सम्पत्तिको बेवास्ता गर्नु। जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहका अनुसार यहाँका जनताले हरेक सार्वजनिक स्थान र सम्पत्तिको जिम्मेवारी सम्बन्धित निकायको मात्र हो भन्ने बुझ्छन। उनका अनुसार सार्वजनिक सम्पत्ति सबैको आफ्नो सम्पत्त हो। प्रयोग गर्ने बेला सबैले प्रयोग गर्ने तर मर्मत सम्भार र सरसफाईको कुरा आउँदा पालिकामाथि थुपार्ने प्रवृति यहाँका जनतामा रहेको मेयर साहले गुनासो गर्ने गर्छन।

नागरिकको सोच र व्यवहारमा परिवर्तन आउन आवश्यक छ। विद्यालयदेखि समुदायसम्म वातावरणीय चेतना फैलाउनुपर्छ। धार्मिक अगुवा, पुजारी, घाट व्यवस्थापन समिति र सामाजिक संघसंस्थाले पनि छठको वास्तविक सन्देशसँगै स्वच्छताको महत्वबारे जनचेतना फैलाउनुपर्छ। जनकपुरधाम उपमहानगरपालिका वडा नं. १३ का स्थानीयवासी सतिस कुमार झा भन्छन्, छठ पर्व वर्षमा एकपटक आउँछ, तर पोखरी र जलाशयको आवश्यकता वर्षभरि रहन्छ। छठमा अर्घ दिन प्रयोग गरिने पानी यही सहरका नागरिकको दैनिक जीवनसँग पनि जोडिएको छ। त्यसैले पर्व सकिएपछि पोखरीलाई फोहोर छाड्नु भनेको आफ्नै वातावरण र भविष्यलाई अस्वच्छ बनाउनु हो।

छठको वास्तविक सुन्दरता घाटमा बालिएका हजारौँ दीपमा मात्र छैन। यसको सुन्दरता त त्यसपछि पनि स्वच्छ र निर्मल रहने पोखरीमा हुनुपर्छ। सूर्यलाई अर्घ दिँदा जोडिएका हातले पूजा सकिएपछि एउटा फोहोर टिपेर डस्टबिनसम्म पुऱ्याउन पनि सक्नुपर्छ। छठी मातासँग परिवारको सुख र समृद्धि माग्ने भक्तजनले आफूले पूजा गरेको जलाशयको संरक्षण गर्ने संकल्प पनि गर्न सक्नुपर्छ। भक्तजनले आफूले प्रयोग गरेका सामग्री र फोहोर आफैँ व्यवस्थापन गर्ने संस्कार विकास गर्नुपर्छ। घाट व्यवस्थापन समितिले सरसफाइलाई आफ्नो अनिवार्य जिम्मेवारी बनाउनुपर्छ। स्थानीय सरकारले प्रभावकारी फोहोर व्यवस्थापन प्रणाली लागू गर्नुपर्छ। धार्मिक अगुवाहरूले पनि पूजा र सरसफाइ एकअर्काका परिपूरक हुन् भन्ने सन्देश दिनुपर्छ।

धनुषामा छठघाट ...

मृतक यादवको दाहिने गालामा मुखदेखि कानको लोतीसम्म धारिलो हतियारले काटिएको जस्तो चोट देखिएको र घटनास्थल नजिकै पोखरीको पानीमा पराल काट्ने दाउसमेत फेला परेको प्रहरीले जनाएको छ। घटनाबारे अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्रहरी नायब उपरीक्षक (डीएसपी) ओमप्रकाश खनालको कमान्डमा तालिम प्राप्त कुकुरसहितको प्रहरी टोली घटनास्थल पुगेको छ। डीएसपी खनालले घटनास्थलको मुचुल्का तयार गरी शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाएको र घटनास्थलबाट अनुसन्धानका लागि एक जनालाई नियन्त्रणमा समेत लिएको छ।

घटनामा संलग्न व्यक्तिको पहिचान तथा मृत्युको वास्तविक कारण खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ। प्रहरीले उनको हत्या भएको हुनसक्ने आशङ्का गरेको छ। यादवलाई स्थानीयवासीले 'म्यानेजर' नामले समेत बोलाउने गरेको प्रहरीले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)